# आकाशवाणी समाचार- नेपाली

मितिः ११ अक्टुबर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले आज नयाँ दिल्लीमा कृषि अनि सम्बन्धित क्षेत्रहरुमा 42 हजार करोड़ रुपियाँभन्दा अधिकको धेरै परियोजनाहरुको शुभारंभ, लोकार्पण अनि शिलान्यास गर्नु हुनेछ।

- राष्ट्रपति द्रौपदी मुर्मुले गुजरातको जूनागढ़ जिल्लामा हिजो अफ्रीकी मूलको एक आदिम जनजाति सिद्दी समुदायका सदस्यहरुसित बातचीत गर्नुभयो।

- नागर विमानन  मन्त्री किन्जारापु राममोहन नायडुले सबै एयरलाइन्सहरूलाई  आगामी चाडपर्वको मौसममा हवाई भाडा सस्तो राख्न आग्रह गर्नु भएको छ।

- नीति आयोगका मुख्य कार्यकारी अधिकारी **बी.वी.आर. सुब्रह्मण्यमले 'ए.आई. अर्थव्यवस्थामा रोज़गार सृजनको खाका'** शीर्षकको एक ऐतिहासिक रिपोर्ट जारी गर्नुभएको छ।

- वेस्ट इन्डिजविरुद्धको दोस्रो टेस्टको पहिलो दिन हिजो भारतले २ विकेटको क्षतिमा ३१८ रन बनाएको छ।

**प्रधानमंत्री-कृषि क्षेत्र योजना**

प्रधानमंत्री नरेंद्र मोदीले आज नयाँ दिल्लीमा एक विशेष कृषि कार्यक्रममा कृषि अनि सम्बन्धित क्षेत्रहरुमा 42 हजार करोड़ रुपियाँभन्दा अधिकको धेरै परियोजनाहरु अनि योजनाहरुको शुभारंभ, लोकार्पण अनि शिलान्यास गर्नु हुनेछ। श्री मोदीले कृषि क्षेत्रको दुइ प्रमुख पहलहरु, **प्रधानमंत्री धन धान्य कृषि योजना** अनि **दलहनमा आत्मनिर्भरता मिशन** को शुभारंभ गर्नुहुनेछ अनि किसानहरुसित बातचीत पनि गर्नु हुनेछ। यो कार्यक्रमले किसान कल्याण, कृषि आत्मनिर्भरता अनि ग्रामीण बुनियादी ढांचालाई बलियो बनाउन सरकारको निरंतर प्रतिबद्धता दर्शाउदछ।यस अवसरमा प्रधानमंत्रीले कृषि पशुपालन, मत्स्य अनि खाद्य प्रसंकरण क्षेत्रहरुमा पांच हजार चार सय 50 करोड़ रुपियाँको योजनाहरुको उद्घाटन अनि लोकार्पण गर्नु हुनेछ। उहाँले लगभग आठ अरब 15 करोड रुपियाँको धेरै परियोजनाहरुको आधारशिला पनि राख्नु हुनेछ।

**राष्ट्रपति-गुजरात**

राष्ट्रपति द्रौपदी मुर्मुले गुजरातको जूनागढ़ जिल्लामा हिजो अफ्रीकी मूलको एक आदिम जनजाति सिद्दी समुदायका सदस्यहरुसित बातचीत गर्नुभयो। राष्ट्रपति मुर्मुले जनजातीय मानिसहरुलाई सशक्तिकरण र प्रगतिको साधनको रूपमा शिक्षा प्राप्त गर्नका लागि प्रोत्साहित गर्नुभयो। उहाँले विशेष रूपले वंचित सिद्दी समुदायले 72 प्रतिशत भन्दा अधिकको साक्षरता दर हासिल गरेकोमा प्रसन्नता व्यक्त गर्नुभयो। राष्ट्रपतिले समुदायलाई केंद्र सरकारले शुरू गरेको विभिन्न विकास अनि कल्याणकारी योजनाहरुको बारेमा जानकारी राख्ने आग्रह गर्नुभयो। राष्ट्रपति मुर्मुले जनजातीय  समुदायहरुको प्रकृति-अनुकूल जीवनशैलीको पनि प्रशंसा गर्नुभयो अनि। उहाँले भन्नुभयो जनजातीय संस्कृति अनि परंपराहरुको सम्मान तथा संरक्षण गर्ने न्यायसंगत अनि समावेशी समाज निर्माणमा जनजातीय मानिसहरुको सक्रिय भागीदारी महत्वपूर्ण छ। उहाँले 2047 सम्म विकसित भारतको सपना साकार गर्न समानता, न्याय अनि जनजातीय अधिकारहरुको सुरक्षा सुनिश्चित गर्न आवश्यक रहेको बताउनु भयो।यस अघि, राष्ट्रपतिले गिर सोमनाथ जिल्लाको प्रसिद्ध सोमनाथ मंदिरमा पूजा-अर्चना गर्नुभयो।

## भारत-अफ़ग़ान संयुक्त वक्तव्य

विदेश मंत्री डॉ. एस. जयशंकरले 22 अप्रैलको दिन पहलगाममा भएको आतंकवादी हमलाको कडा निंदा गरेकोमा अफ़ग़ानिस्तानको सराहना गर्नुभएको छ। नयाँ दिल्लीमा डॉ. एस. जयशंकर अनि अफ़ग़ानिस्तानका विदेशमंत्री मौलवी अमीर ख़ान मुत्ताक़ी बीच वार्ता पछि जारी एक संयुक्त वक्तव्यमा यस्तो भनिएको छ। उहाँले क्षेत्रमा शांति, स्थिरता र आपसी विश्वासलाई बढ़ावा दिनमा जोड दिनुभयो।दुवै पक्षले एक-अर्काको संप्रभुता अनि क्षेत्रीय अखंडतालाई सम्मानमा जोड दिनुभयो। विदेश मंत्रीले भारतको सुरक्षा चिंताहरु प्रति अफ़ग़ान पक्षको समझदारीको पनि सराहना गर्नुभयो। अफ़ग़ान विदेश मंत्रीले आफ्नो प्रतिबद्धता दोहराउदै भन्नुभयो अफ़ग़ान सरकारले कुनै पनि समूह या व्यक्तिलाई भारत विरुद्ध अफ़ग़ानिस्तानको धरती प्रयोग गर्ने अनुमति दिने छैन।विदेश मंत्रीले नंगरहार अनि कुनार प्रांतमा हालैमा आएको विनाशकारी भूकंपमा भएको मानवीय छयात्ति प्रति शोक व्यक्त गर्नुभयो। अफ़ग़ान विदेश मंत्रीले आपदाको समय भारत द्वारा मदद अनि राहतका लागि धन्यवाद दिनु भयो।भारतले सहायता जारी रखने प्रतिबद्धताको पुष्टि गरेको छ। दुवै पक्षले सांस्कृतिक संपर्कलाई बढ़ावा दिनका लागि खेलहरु, विशेष रूपले क्रिकेटमा सहयोगलाई अझ बलियो गर्ने तरीकाहरुमा चर्चा गरेको छ| उहाँले भारत-अफगानिस्तानबीच शुरु भएको एयर फ्रेट कॉरिडोरको स्वागत गर्नुभयो। यो कॉरिडोरले दुई देश बीच प्रत्यक्ष व्यापार अनि वाणिज्यलाई अझ बढाउने छ। नयाँ कॉरिडोरले कनेक्टिविटीलाई सुव्यवस्थित गर्ने अनि द्विपक्षीय व्यापारलाई बढ़ावा प्राप्त हुने आशा छ। अफगानिस्तानले भारतीय कंपनिहरुलाई खनन क्षेत्रमा निवेश गर्नका लागि आमंत्रित गरेको छ।

## हवाई भाडा- चाडपर्वको मौसम

नागर विमानन मन्त्री किन्जारापु राममोहन नायडुले सबै एयरलाइन्सहरूलाई आगामी चाडपर्वको मौसममा हवाई भाडा सस्तो राख्न आग्रह गर्नु भएको छ। एयरलाइन्सले यात्रीहरुको सुविधा आफ्नो पहिलो प्राथमिकता भएको र आवश्यकता अनुसार थप उडानहरू पनि सञ्चालन गरिने बताउनु भयो। हिजो नयाँ दिल्लीमा मासिक समीक्षा बैठकलाई सम्बोधन गर्दै श्री नायडुले भन्नुभयो, एयरलाइन्सहरूमा सुरक्षा मापदण्डहरूमा विशेष ध्यान दिइनु पर्छ र एयरलाइन्सहरूले यात्रीहरूको सुविधाका लागि गुणस्तरीय सेवाहरू प्रदान गर्नुपर्दछ। यस अवसरमा श्री नायडूले यात्रीहरूका लागि एयरलाइन्सद्वारा सञ्चालित गुनासो निवारण अभियानको पनि समीक्षा गर्नुभयो र एयरलाइन्सहरूलाई यस सम्बन्धमा गुनासोहरूको समयमै निवारण सुनिश्चित गर्न निर्देशन दिनुभयो। उहाँले नागरिक उड्डयन महानिर्देशनालय (डीजीसीए) लाई हवाई भाडामा कडा नजर राख्न पनि निर्देशन दिनु भयो।

## जीएसटी सुधार - हिमाचल प्रदेश

प्रधानमन्त्री नरेन्द्र मोदीले गत महिनाको २२ तारिखमा जीएसटी बचत उत्सवको घोषणा गर्नु भएको थियो। यसले समाजका सबै वर्गलाई फाइदा पु¥याइरहेको छ। यस सन्दर्भमा, आज हामी जीएसटी सुधारहरूको बारेमा जानकारी दिइरहेका छौं जसले हिमाचल प्रदेशको अर्थव्यवस्थालाई थप टेवा दिइरहेको छ।

## नीति आयोग - ए.आई. रोज़गार सृजन

नीति आयोगका मुख्य कार्यकारी अधिकारी **बी.वी.आर. सुब्रह्मण्यमले** आज **'ए.आई. अर्थव्यवस्थामा रोज़गार सृजनको खाका'** शीर्षकको एक ऐतिहासिक रिपोर्ट जारी गर्नुभएको छ। यसको उद्देश्य भारतलाई ए.आई.-संचालित कार्यको उदाउदो भविष्यका लागि तयार गर्नु हो।यस अवसरमा श्री सुब्रह्मण्यमले भन्नुभयो भारतको तागत यहाँको नागरिकमा निहित छ। उहाँले भन्नुभयो सही दृष्टिकोण अनि समन्वयको साथ, भारत बिस्वको **ए.आई. कार्यबल राजधानी** बन्न सक्ने छ। रिपोर्टमा आर्टिफिसियल **इन्टेलिजेन्स-ए को बारेमा बताइएको छ।** भारतको प्रविधि र सेवा क्षेत्रहरूले विश्वलाई परिवर्तन गरिरहेका छन्। प्रतिवेदनले सन् २०३१ सम्ममा सम्भावित रोजगारी विस्थापनको चेतावनी मात्र दिएको छैन, आगामी पाँच वर्षमा समन्वयात्मक राष्ट्रिय दृष्टिकोणमार्फत ४० लाख नयाँ **रोजगारी** सिर्जना गर्ने ठूलो अवसरको पनि पहिचान गरेको छ।

## स्वास्थ्य राजदूत-पादुकोण

बलिउड अभिनेत्री दीपिका पादुकोण केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयको पहिलो मानसिक स्वास्थ्य दूतमा नियुक्त भएकी छिन् । सामाजिक सञ्जालमा पोष्ट गर्दै मन्त्रालयले भनेको छ, दीपिकाले यो भूमिका पाउँदा सम्मानित महसुस गरेको र प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतमा यस दिशामा भइरहेको प्रयासलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यस सहकार्यको उद्देश्य देशको मानसिक स्वास्थ्य पूर्वाधारलाई सुदृढ पार्न योगदान पुर्याउनु हो, जुन मानसिक स्वास्थ्यलाई प्राथमिकता दिने भारतको प्रगतिमा आधारित छ।

## उपराष्ट्रपति-महिला बाल विकास मंत्री

केंद्रीय महिला एवं बाल विकास मंत्री अन्नपूर्णा देवी अनि केंद्रीय राज्य मंत्री सावित्री ठाकुरले संसद भवनमा उपराष्ट्रपति सी. पी. राधाकृष्णनसित गरेको छ। बैठक अवधि, उपराष्ट्रपतिलाई मंत्रालयको प्रमुख योजनाहरु, हालको पहलहरु अनि भविष्यको रणनीतिक योजनाहरु बारे अवगत गराइएको थियो।

## नेपाली कांग्रेस

नेपाली कांग्रेस केन्द्रीय कमिटी बैठक हिजो पनि जारी रह्यो । पार्टीभित्र जेन जी आन्दोलनको भावना अनुरूप आफ्नो संगठनको पुनर्गठन र सुधार गर्न पनि बढ्दो आह्वान भइरहेको छ। जेनजी आन्दोलनपछि नेपाली कांग्रेसको यो पहिलो बैठक थियो र पार्टी उपाध्यक्ष पूर्णबहादुर खड्काको अध्यक्षतामा थियो।

## टेस्ट क्रिकेट

वेस्ट इन्डिजविरुद्धको दोस्रो टेस्टको पहिलो दिन हिजो भारतले २ विकेटको क्षतिमा ३१८ रन बनाएको छ। टेस्ट म्याचको दोस्रो दिनको खेल आज बिहान साढे नौ बजे सुरु हुनेछ। हिजो दिनको खेल समाप्त हुँदा यशस्वी जैसवालले १७३ रन बनाएर क्रिजमा थिए भने कप्तान शुभमन गिल २० रनमा थिए । भारतका लागि साई सुदर्शनले ८७ तथा केएल राहुलले ३८ रनको योगदान दिए । अहमदावादमा भएको पहिलो खेलमा जित हात पारेपछि भारतले दुई खेलको सिरिजमा क्लिन स्विप गर्ने दाउमा छ ।

****** ० ******